# मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन
# Human Wildlife Conflict Management



प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय, सोलुखुम्बु

# भाग १
# मानव वन्यजन्तु द्वन्द्व

## अवधारणा

- जैविक विविधता संरक्षण क्षेत्रमा नेपालको अग्रणी भूमिका
- देशको कुल भू-भागको ४४ प्रतिशत वन क्षेत्रमध्ये २३.२३ प्रतिशत भू-भाग संरक्षित क्षेत्र
- वन्यजन्तुको वासस्थानमा मानवीय चाप
- केही वन्यजन्तुको संख्यामा उल्लेखनीय बृद्धि
- मानव-वन्यजन्तु द्वन्द्वका कारण एकातिर धनजनको क्षति हुने र अर्कोतिर वन्यजन्तु प्रतिहुने प्रतिशोध पूर्ण व्यवहारबाट वन्यजन्तुलाई क्षति पुग्ने क्रियाकलाप समेत हुँदै आएको ।
- वन्यजन्तुको संख्यामा आएको वृद्धिसंगै एकातिर मानव वन्यजन्तुबीचको द्वन्द्व व्यवस्थापन र अर्कोतर्फ वन्यजन्तुको चोरी शिकार तथा वन्यजन्तुका अङ्गप्रत्यङ्गको अवैधव्यापार एवं समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन जस्ता समस्या र चुनौती थपिएका ।

## परिचय

## मानव-वन्यजन्तु द्वन्द्व

- एक अर्काका आवश्यकताहरु परिपूर्ति गर्ने क्रममा मानव र वन्यजन्तुले एक आपसमा पार्ने वा पार्न सक्ने असर र हानी नोक्सानी
- मानवीय सभ्यताको शुरुवातसँगै मानव र वन्यजन्तु बीच द्वन्द्वको शुरु
- जनसंख्या वृद्धि मानवीय आवश्यकताहरु बढ्दै जाँदा द्वन्द्व पनि बढ्दै गएको

## द्वन्द्वका असरहरु

- मानवीय तथा अन्य भौतिक सम्पत्तिको क्षति
- स्थानीय जनतामा संरक्षण सम्बन्धी नकारात्मक धारणा विकाश हुने

- जनावर घाईते तथा मृत्यु हुने
- विष, पासो तथा अन्य विधिबाट प्रतिशोधात्मक किसिमले मारिने

# द्वन्द्वका प्रकार

## दुई प्रकारका

- मानवले वन्यजन्तुलाई गर्ने हानी नोक्सानी (चोरी शिकार र अवैध व्यापार बाहेक)
- वन्यजन्तुले मानव तथा मानवीय श्रोत साधनामा गर्ने हानी नोक्सानी

## क्षेत्रको हिसाबले

- निकुञ्ज, आरक्ष तथा वन क्षेत्र भित्र
- कृषि क्षेत्र तथा घरमा (वन क्षेत्र बाहिर)

# द्वन्द्वका कारणहरु

- वन्यजन्तुको वासस्थान विनाश/ खानेकुराको अभाव
- वन अतिक्रमण
- वन्यजन्तुको आफ्नै समस्या (अस्वस्थ, अक्षम, अपाङ्ग)
- वन क्षेत्रमा मानवीय चाप

# हानी नोक्सानीका किसिम

## मानवीय

- मृत्यु
- घाइते

## घर पालुवा पशुपंक्षी

- मृत्यु
- घाईते

## घर तथा सम्पत्तिमा क्षति बालीनाली

- आशिक क्षति

- पुर्ण क्षति

## क्षति गर्ने प्रमुख वन्यजन्तुहरु

| **शाकाहारी** | **मांशाहारी** |
|---|---|
| गैंडा | बाघ |
| हात्ती | भालु |
| बँदेल | चितुवा |
| मृग | स्याल |
| दुम्सी | |
| बाँदर | |

## क्षति न्यूनीकरणका उपायहरु

### वन्यजन्तुलाई रोक्न

विद्युतीय तारबार (Solar Powered Fence)

काँडे तारबार (Barbed Wire Fence)

कुलो खनेर (Trench)

जीवित बार (Live Fence)

### वैकल्पिक कृषि प्रणाली

वजन्तुले मन नपराउने/नखाने बानीनाली रोपेर

माछापालन/मौरीपालन, फलफूल लगायत वैकल्पिक कृषि

### सुरक्षित खोरको व्यवस्था

• घरपालुवा जनावरको लागि

### स्थानीय बासिन्दाको भूमिका

- हिंसक वन्यजन्तुबाट बच्ने उपाय, राहत कोषको परिचालन तथा सोबाट रकम प्राप्तिका उपाय लगायत अन्य विषयहरुमा व्यापक जनचेतनाका कार्यक्रम गर्ने ।

- मानव वन्यजन्तु भएका स्थानहरुमा पूर्वसूचना प्रणाली जडान गर्न सहयोग गर्ने ।
- क्षति न्यूनीकरण गर्न लगाइएका पूर्वाधारहरुको संरक्षण र मर्मत गर्ने ।
- वीमा (मानव र घरपालुवा जनावर) का लागि प्रोत्साहन गर्ने।
- राहत प्राप्तिको लागि सहयोग गर्ने ।

# भाग २
# केही हिंसक वन्यजन्तुहरु र तिनबाट बच्ने उपायहरु

## जंगल जानुअघि पूर्व तयारी

### जंगल जाँदा ध्यान दिनुपर्ने कुराहरू

जंगल वन्यजन्तुहरूको वासस्थान हो । वन्यजन्तुहरू विचरण वा आराम गरिरहेको भेटिन सक्छन् । ती वन्यजन्तुहरूसँग जम्काभेट हुँदा हुन सक्ने खतराहरूबारे बेलैमा बुझेर मानसिक तथा शारीरिक रूपले तयार भएर मात्र जंगल जानुपर्दछ । घुम्न, अध्ययन, अनुसन्धान, गस्ती, दाउरा, घाँस, वा अन्य कामका लागि जंगल जाँदा सधै निम्न कुराहरूमा ध्यान दिनुपर्छ ।

- जंगलमा एक्लै जानु हुदैन। जानै पर्ने अवस्थामा लठ्ठी बोक्नुपर्छ।
- जंगलमा जाँदा जंगल सुहाउँदो लुगा र जुत्ता लगाउनुपर्छ। रङ्गीचङ्गी लुगा लगाउनु हुदैन। सफारी किट (झोला, दुरबिन, प्राथमिक उपचारको निम्ति औषधी आदि) साथमा लिएर जानु पर्छ। अत्तर अथवा बास्ना आउने बस्तु प्रयोग गर्नु हुदैन ।
- मोबाइल वा अन्य सञ्चारको साधन लिएर हिंड्ने तर मोबाइललाई आवाज नआउने गरी (भाइब्रेसन) राख्नुपर्छ र आवश्यक परेको बेला मात्र चलाउनुपर्छ ।
- जंगल जाँदा घरगहना लगाउने वा बहुमुल्य सामान बोक्नु हुदैन । खस्ने वा हराउने सम्भावना हुने हुनाले आफ्नो सामान सुरक्षित साथ राख्ने ।
- जंगलमा सधै आँखा, कान चनाखो राखी सतर्क हुनुपर्छ, होहल्ला गर्नु हुदैन । मोबाइलबाट गीत बजाउने, रेडियो सुन्ने गर्नु हुदैन । हेडफोन प्रयोग गरेर हिंड्नु हुदैन ।
- वन्यजन्तुहरू देखिएमा शान्त एवम् सतर्क भई सुरक्षित दुरी कायम गर्नु पर्दछ । कुनै पनि वन्यजन्तुको धेरै नजिक जाने, जिस्क्याउने वा बिथोल्ने गर्नु हुदैन ।
- वन्यजन्तु वा चराचुरुङ्गी बस्ने ठाउँहरू (प्वाल, गुड वा टोड्का आदि) चलाउनु वा बिगार्नु हुदैन ।
- कुनै पनि वन्यजन्तु वा चराचुरुङ्गीका बच्चा/बचेरा एक्लो भेटिएमा चलाउनु वा अन्यत्र लैजानु हुदैन । जंगली जनावर घाइते वा मरेको अवस्थामा देखेमा सम्बन्धित निकुञ्ज, आरक्ष वा वन कार्यालयहरूमा खबर गर्नु पर्दछ ।
- सलाई, लाइटर साथै राख्नुपर्छ तर सलाई कोरी जथाभावी फ्याक्नु वा आगो लगाउनु हुदैन।
- जंगल जाँदा धुम्रपान वा मदिरापान गर्नु हुदैन ।
- जंगलका बोटविरुवा-वनस्पति जथाभाबी भाँच्ने वा काट्ने गर्नु हुदैन ।

- नदी नालाहरूमा जथाभाबी नुहाउने, पौडी खेल्ने वा माछा मार्ने गर्नु हुदैन ।
- आफूले लगेको खाद्य पदार्थको खोल, बट्टा, प्लाष्टिक, पानीको बोतल वा अन्य कुनै पनि फोहोरजन्य पदार्थ जंगलमा फ्याँक्नु हुदैन ।
- सुरक्षित क्षेत्र सम्बन्धि नीति नियमबारे जानकारी राख्नुका साथै पालना पनि गर्नुपर्दछ ।

## राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार पालन गर्नुपर्ने नियमहरू

वन्यजन्तु संरक्षणका लागि बनेको नेपालको प्रमुख कानुन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ हो । यसले नेपालमा रहेको वन्यजन्तु संरक्षणका लागि निकुञ्ज (१२) आरक्ष (१) संरक्षण क्षेत्र (६) शिकार आरक्ष (१) तथा मध्यवर्ती क्षेत्र (१३) हरूको व्यवस्था गरेको छ । उक्त ऐनको दफा ५ अन्तर्गत यी संरक्षण क्षेत्रभित्र जाँदा निम्न अनुसारका कुराहरू निषेध गरेको छ ।

(क) वन्यजन्तुको शिकार गर्न वा ओखेटोपहार ओसारपोसार गर्न ।

(ख) जुनसुकै पदार्थको घर, छाप्रो, आश्रय वा अरू आकार बनाउन वा भोग गर्न ।

(ग) कुनै भू-भाग कब्जा गर्न, सफा गर्ने, आवादी गर्न, खेती गर्न, वा कुनै बाली उब्जाउन वा काट्न।

(घ) घर पालुवा जीवजन्तु वा पंक्षी चराउन वा पानी खुवाउन ।

(ङ) रूख, बिरुवा, झाडी वा अन्य कुनै वनपैदावार काट्न, ढाल्न, हटाउन, छेक्न वा वनपैदावर सुक्ने कुनै काम गर्न वा आगो लगाउन वा अरू कुनै प्रकारले हानी नोक्सानी पुर्याउन वा वन पैदावार ओसार पसार गर्न ।

(थ) खानी खन्न, ढुंगा खन्न, कक्कडको माटो वा कुनै खनिज पदार्थ हटाउन ।

(छ) वन पैदावार वा वन्यजन्तु, पंक्षी वा जग्गालाई क्षति पुर्‍याउन।

(ज)हात हतियार खर खजाना वा विष साथमा लैजान वा प्रयोग गर्न ।

(झ) काजमा खटिएका सरकारी कर्मचारी वा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्रको प्रचलित बाटोको यात्रुहरू बाहेक अरूले घरपालुवा वा अन्य किसिमको वन्य जन्तु वा आखेटोपहार लैजान ।

(अ) राष्ट्रिय निकुञ्जभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा बिष्फोटक पदार्थहरू प्रयोग गर्न ।

(ट) माथिका बुदाँहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण, वन तथा वन्यजन्तुलाई प्रतिकूल असर नपर्ने गरी राष्ट्रिय निकुञ्ज, आरक्षको प्रकृति अनुसार तोकिएको बमोजिमका निकुञ्ज वा आरक्षमा परम्परागत रूपमा उपभोग गर्दै आएका सुविधा प्राप्त बाटो, रैथाने चरिचरन, खानेपानी सिँचाई तथा तटबन्ध प्रयोग गर्न, परम्परागत रूपमा सङ्कलन गर्दै आएको जङ्गली साग सब्जी तथा कन्दमुल सङ्कलन र माछा मार्नका लागि स्थानीय जनतालाई तोकिए बमोजिम अनुमति दिन सक्नेछ ।

(ठ) मध्यवर्ती क्षेत्रमा विपदमा परी कुनै परिवारलाई वन पैदावर आवश्यक परेमा र मध्यवर्ती क्षेत्रको कुनै स्थानबाट ऐनमा व्यवस्था भए बमोजिम सङ्कलन गरिएको वन पैदावार प्राप्त नहुने भएमा निकुञ्ज वा आरक्षको कुनै स्थानबाट त्यस्तो वन पैदावार सङ्कलन गर्न तोकिए बमोजिम अनुमति दिनेछ ।

## जंगलको छेउछाउमा बसोबास गर्ने बासिन्दाले अपनाउनु पर्ने सावधानी

जंगलमा पाईने विभिन्न प्रजाती वा वन्यजन्तुहरू कहिलेकाही गाउँघर नजिक आउन सक्छन् । त्यसैले जंगल छेउ बस्ने बासिन्दाले सधैं चनाखो र सतर्क रहनु पर्छ । हाम्रो जीउ धन तथा भौतिक सम्पत्ति सुरक्षाका लागि पहिलो जिम्मेवारी हाम्रो आफ्नो हुन्छ, त्यसैले बेलैमा यसबारे पूर्व तयारी गरी क्षतिबाट जोगिन जोगाउन पहल गर्नुपर्छ । वन्यजन्तुहरूको आनीबानी र यिनीहरूको सम्भावित आक्रमणबाट जोगिने उपायबारे नियमित रूपमा छलफल गर्नुपर्छ । कुनै वन्यजन्तु नजिकको जंगलमा देखिएमा वल्लो पल्लो घर जंगल नजिकको टोलहरूमा खबर गर्नुपर्छ। यस बाहेक जंगल छेउ बस्ने बासिन्दाहरूले निम्न कुराहरूमा ध्यान दिनुपर्छ ।

- साँझ परेपछि बाहिर ननिस्कने, निस्कनै परेमा टर्चलाइट लिएर सतर्कता अपनाएर मात्र निस्कने ।
- साँझ अबेरसम्म केटाकेटीहरूलाई घर बाहिर खेल्न नदिने। साँझ परेपछि वन्यजन्तुहरू पस्न नसक्ने गरी झ्याल ढोका बन्द गर्ने ।
- घरको वरिपरि झाडी तथा घाँसहरू सफा गर्ने । जसले गर्दा वन्यजन्तु लुक्न पाइदैन ।
- घर बाहिर (जंगलतिर फर्काएर) बत्ती बालेर राख्ने । वन्यजन्तुहरू उज्यालोको कारण घरसम्म आउन डराउँछ । आइ हालेमा देख्न सजिलो हुन्छ ।
- सकभर घरगोठ वन्यजन्तुहरू छिर्न नसक्ने गरी पक्की बनाउने ।
- घरपालुवा जनावरहरू बाघ र चितुवा छिर्न नसक्ने गोठभित्र राख्ने ।
- आफ्नो घरमा चर्पीको व्यवस्था गर्ने । जंगलभित्र दिशा पिसाव गर्न जाँदा बाघ, चितुवा जस्ता वन्यजन्तुले मानिसलाई आक्रमण गरेको वा मरेको वा मारेको प्रशस्त उदाहरणहरू छन् ।
- सामुदायिक वन भित्र जाँदा समूहमा जाने। जंगलको बाटो भएर विद्यालय जाने भए आफ्नो केटाकेटीलाई एक्लै नपठाउने। सामुदायिक वनमा पनि बिहान सबेरै वा साँझ परेपछि नजाने।
- गाउँमा चितुवा, भालु वा अन्य वन्यजन्तुले मान्छेलाई आक्रमण गरेमा तुरुन्तै नजिकका अन्य गाँउमा पनि खबर गर्ने ।
- वन्यजन्तुले पुर्‍याएका जनधनको क्षतिबारे सम्बन्धित निकायलाई यथाशीघ्र जानकारी गराउने र राहतका लागि पहल गर्ने ।

- घरमा कुकुर पाल्नु (बाँधेर राख्नु) उपयोगी हुनसक्छ । वन्यजन्तु घर वरपर आए कुकुरले सावधान गराउँदछ ।

## जंगल जाँदा के के खतरा हुन सक्छ ?

जंगलमा विभिन्न किसिमका पशुपंक्षी, बोटविरुवा, किरा, फट्याङ्ग्याहरू रहेका हुन्छन । कतिपय जीवजन्तु तथा वनस्पतिहरू बहुउपयोगी गुण भएका हुन्छन् भने कतिपय मान्छेका लागि खतरनाक पनि हुन्छन्। जंगलमा हुँदा हाम्रो कामको प्रकृति, हामी पुग्ने क्षेत्र आदि अनुसार हामी यस्ता वन्यजन्तु वा वनस्पतिको नजिकमा पुग्न सक्छौं । बेलैमा यस्ता खतराहरूबारे जानकारी राखी, यसबारे पूर्वतयारी गरे जोगिन सकिन्छ। तराईको जंगल विभिन्न दुर्लभ तथा लोपोन्मुख वन्यजन्तुहरूको बासस्थान हो । संरक्षित क्षेत्रहरू प्राथमिक रूपमा यस्ता वन्यजन्तुहरूको संरक्षण तथा विकासका लागि स्थापना गरिएका हुन् । यिनै जीवहरूका लागि यी क्षेत्रहरू विश्वभर परिचित छन् र लाखौं पर्यटकहरू वर्षेनी नेपाल घुम्न आउँछन् । तर यी वन्यजन्तुहरूको धेरै नजिक पुगेमा, जिस्क्याएमा वा मान्छेसँग असुरक्षित महसुस गरेमा आत्मरक्षाका लागि आक्रमण गर्ने गरेको देखिएको छ । कतिपय अवस्थामा साना जनावरहरूले समेत क्षति गर्ने गरेको भेटिन्छ । सोलुखुम्बु जिल्लाको वन जंगलमा जाँदा खतरा हुन सक्ने विभिन्न प्रकारका जीवजन्तुको परिचय यहाँ दिन खोजिएको छ भने पछिल्ला खण्डहरूमा विस्तृत रूपमा व्याख्या गरिएको छ ।

### १. ठूला वन्यजन्तुहरू

चितुवा, भालु, बदेल आदि ।
खतराहरूः आक्रमणबाट घाईते तथा मृत्यु समेत हुन सक्ने ।

### २. मध्यम आकारका वन्यजन्तुहरू

रतुवा मृग, स्याल, ब्वाँसो, जंगली विरालो, चरी बाघ, मलसाप्रो आदि ।
खतराहरूः आक्रमणबाट घाइते (कहिलेकाही मात्र मृत्यु) हुन सक्ने, रोग सर्न सक्ने ।

### ३. साना वन्यजन्तुहरू

दुम्सी, न्याउरी मुसा तथा छुचुन्द्राहरू, चमेरो, सर्प, छेपारो तथा माउसुली आदि ।
खतराहरूः आक्रमणबाट घाइते हुन सक्ने, रोग सर्न सक्ने, एलर्जी (चिलाउने, डावर, फोकाहरू निस्कने, सुनिन्ने, रातो हुने, दम बढ्ने) विषालु हुन सक्ने जसबाट मृत्यु समेत हुन सक्ने ।

### ४. किरा फटयाङ्ग्राहरू

माहुरी, बारूला, अरिङ्गाल, किर्ना, जुका, माकुरा आदि ।

खतराहरूः घाइते हुन सक्ने, किराहरू धेरै सङ्ख्यामा हुने हुँदा धेरैले एकैचोटी टोक्दा मृत्यु समेत हुन सक्ने, विषालु हुन सक्ने, कुनै कुनैले टोक्दा एलर्जी हुन सक्ने ।

### ५. जगली वनस्पति (झारहरू)

काउसो, सिस्नु, भलायो (चोप) आदि

खतराहरूः पोल्ने, पाछ्ने वा एलर्जी हुन सक्ने ।

## वन्यजन्तुले मान्छेलाई आक्रमण गर्ने कारणहरू

वन्यजन्तुले मान्छेलाई आक्रमण गर्नु दुर्घटना हो। मान्छे कुनै पनि वन्यजन्तुको आहरा तथा प्राकृतिक शत्रु होइन तर पनि मान्छेलाई खतरा महसुस गरी आत्मरक्षाका लागि वा मान्छेको कारण उनीहरूको क्रियाकलापमा खलल पुग्ने (Disturb) हुने कारणले गर्दा रिसाएर आक्रमण गर्ने गरेको देखिन्छ । त्यसैले यस्ता घटनाहरू घट्नुमा मान्छेको लापरवाही तथा असावधानी बढी जिम्मेवार देखिन्छ । निम्न अवस्थाहरूमा बढी आक्रमण हुने गरेको पाइन्छ ।

- मान्छेसँग जम्काभेट हुँदा वन्यजन्तुले भाग्ने समय वा ठाउँ नपाएमा आत्तिएर मान्छेलाई आक्रमण गर्न सक्ने ।
- बच्चासँगै भएको बेला माउले आफ्ना बच्चाको सुरक्षाका लागि आक्रमण गर्न सक्ने ।
- एक आपसमा जुधिरहेको, सहवास गर्ने (भाले लाग्ने) बेलामा मान्छे नजिक पुगेमा रिसाएर आक्रमण गर्न सक्ने ।
- घाइते वा अशक्त वन्यजन्तुहरू भित्री जंगलमा अन्य वन्यजन्तुको डरले बस्तीको छेउछाउ आउँछन् । यस्तो जनावरहरू मान्छेप्रति आक्रामक हुन सक्छन् ।
- सुतिरहेको वा खाइरहेको बेला मान्छेले बिच्काएमा (Disturb गरेमा) रिसाएर आक्रमण गर्दछन् ।

# चितुवा
## Common Leopard



नेपाली नामः चितुवा
अंग्रेजी नामः Common leopard
वैज्ञानिक नामः Pathera pardus
शारीरिक बनोटः खैरो रंगको पृष्ठभूमिमा कालो रंगको थोप्ला हुने ।
तौलः ५० देखि ८० किलोग्राम
लम्बाईः १.५ देखि २.२ मिटर
उचाईः ४५ देखि ८० सेन्टिमिटर
आयुः १२ देखि १६ वर्ष
बच्चाः एकपटकमा २ देखि ४ डमरू
आहाराः मृग, बँदेल, बाँदर, कुकुर, बाखा, चराचुरुङ्गी, मुसा, किरा फट्याङ्ग्रा आदि ।
बासस्थानः तराईदेखि हिमालसम्मका बन, झाँडी तथा घाँसे मैदान
विचरण क्षेत्रः १५ देखि ५० वर्ग कि.मि.

नेपालमा चितुवा, हिउँ चितुवा र ध्वाँसे चितुवा गरी तीन प्रकारका चितुवा पाइन्छन् । यस खण्डमा हामीले चर्चा गर्न खोजेको चितुवा (Common leopard) को बारेमा हो। चितुवा तराईदेखि उच्च पहाडी क्षेत्रसम्म विचरण गर्ने र मानव बस्ती वरपर पनि बाँच्न सक्ने जनावर हो। प्रायः जसो आहारा प्रजाति कम तथा मानवीय चाप बढी भएको क्षेत्रमा बस्ने हुँदा मान्छेसँग बढी द्वन्द्वमा पर्ने गरेको पाइन्छ । चितुवा स-साना झाडीहरूमा पनि लुक्न सक्ने तथा रूखमा सजिलै चढ्न सक्ने जनावर हो। शारीरिक हिसाबले मध्यम आकारको भएपनि चितुवा एक चतुर जनावर हो। यसले हतपत मान्छेलाई आक्रमण गर्दैन तर तल दिइएका अबस्थामा भने यो आकामक पनि हुन सक्छ ।

## चितुवाले आक्रमण गर्ने अवस्था

- जम्काभेट भएमा र चितुवाले भाग्ने ठाउँ वा मौका नपाएको अवस्थामा ।
- आराम गरिरहेको बेला मानिस अचानक पुगेर हो हल्ला गरेमा वा जिस्काएको अवस्थामा ।
- शिकार खाइरहेको वा बच्चालाई खुवाइरहेको बेलामा अचानक मानिस पुगेमा ।
- सानो बच्चा साथमा भएको बेला पोथीहरू बढी आक्रामक हुन्छन् ।
- अचानक बाटो बिराई गाउँ सहर वा बस्तीमा पसेको अवस्थामा ।
- बुढो वा घाइते भई शिकार गर्न अशक्त भएको अवस्थामा ।

- माउबाट छुट्टिएको र राम्ररी शिकार गर्न नसिकेको अवस्थामा पनि मान्छेलाई आक्रमण गर्न सक्छ । चितुवाले हतपत्त बयस्क मानिसलाई आक्रमण गर्दैन तर साना साना बच्चा-बच्चीहरूका लागि भने खतरा हुन सक्छ ।

## चितुवाले आक्रमण गर्ने तरिका

चितुवाले मान्छेलाई आक्रमण गर्ने तरिका बाघले आक्रमण गर्ने तरिकासँग मिल्दाजुल्दो हुन्छ । चितुवा रूख चढ्न सक्ने भएकोले रूखबाट पनि आक्रमण गर्न सक्छ । प्रायः जसो साँझ परेपछि घर र पँधेरा नजिक झाडीमा लुकेर बस्न सक्छ र मान्छे नजिक पुगेमा आक्रमण गर्न सक्दछ । कहिलेकाही झयाल, ढोका वा चुरीबाट पनि घरभित्र छिरेको पाइन्छ । साँझ परेपछि जंगल छेउछाउका बस्तीमा कुकुर, बाखा, बंगुर वा अन्य घरपालुवा जनावरको शिकारका लागि गाउँ पस्छ र यस्तो अवस्थामा साना केटाकेटी वा ठूलै मान्छेलाई पनि आक्रमण गर्न सक्दछ । चितुवाले बयस्क मान्छेलाई आक्रमण गर्दा अगाडिको पञ्जाले समात्छ, मुखले टोक्छ र पछाडिको पञ्जाले चिथोर्छ ।

## चितुवाको आक्रमणबाट बच्ने उपाय

क) आक्रमण गर्नु अघि

- जंगलमा हिंड्दा चितुवाको पाइला वा गन्ध याद गर्ने। ताजा पाइला देख्ने वितिकै वा चितुवाको गन्ध थाहा पाउने बित्तिकै सतर्क हुने र त्यस दिशामा नजाने ।
- अन्य जनावरको सङ्केत (चित्तल, लङ्गुर, बाँदर वा चराहरूको आवाज) याद गर्ने। चितुवा वा बाध देख्दा यिनीहरू कराएर सङ्केत दिन्छन्।
- जंगलको छेउछाउमा बस्ने मान्छेले राती आफ्नो घरको झ्यालढोका राम्ररी बन्द गर्ने ।
- साँझमा घर बाहिर नबस्ने साथै राति घरबाट बाहिर ननिस्कने। निस्कनै परे सतर्क भएर होसियारीपूर्वक निस्कने ।
- आफ्ना केटाकेटीलाई साँझ अबेरसम्म बाहिर खेल्न नदिने ।
- जंगल छेउछाउको क्षेत्रमा बस्नेहरूले साँझ एक्लै हिँडडुल नगर्ने ।
- दिसा पिसाद गर्न जंगलमा नजाने ।
- जंगल क्षेत्र वरिपरि बस्ने बासिन्दाले घरको वरिपरि घाँस, झाडी, बुट्यान नराख्ने । यस्तो झाडी, बुटयानमा चितुवा लुकेर बस्न सक्छ ।
- घर बाहिर आगो वा बत्ती बालेर उज्यालो राख्ने ।

## ख) आक्रमण गर्ने अबस्थामा

- आत्मरक्षाको लागि आक्रमण गर्नुअघि चितुवाले पनि बाघले जसरी नै गर्जने, कान लपक्क सुताउने, जमिनमा दबेर बस्ने र पुच्छर जोडले यताउता हल्लाउने गर्छ ।
- मध्यम आकारको हुने हुदाँ यसले हतपत बयस्क मान्छेलाई आक्रमण गर्दैन तर गर्न आइहाल्यो भने हात माथि उठाएर (हातमा झोला वा अन्य सामान भए अन्त प्रभावकारी हुन्छ) जोड जोडले हल्ला गर्ने । यसो गर्दा मान्छेको आकार अझै ठूलो देखेर चितुवा डराएर भाग्न सक्छ ।
- चितुवाले आफूजति नै भारी शिकार बोकेर रूख सजिलै चढ्न सक्ने तथा रूखमा बाँदर समेत समात्न सक्ने जीव हो त्यसकारण आक्रमण गर्न आउदा रूख चढ्न उपयुक्त हुदैन ।
- हातमा लौरो छ भने जोड जोडले भुईमा वा रूखमा बजार्दै हल्ला गर्ने ।

## ग) आक्रमण गरिसकेपछि

- साथमा लौरो छ भने जोड्ले चितुवाको नाकमा हान्ने ।
- चितुवाले पछाडिको पञ्जाले पेटतिर पनि चिथोर्न सक्ने हुँदा हातले आफ्नो टाउको र घाँटी जोगाउनको साथै भूईमा डल्लो पारि खुट्टाले पेटलाई जोगाउने प्रयास गर्ने ।
- मान्छेलाई आक्रमण गरेको थाहा पाउने वित्तिकै यो खवर नजिकको गाउँहरूमा पनि यथाशिघ्र पठाउने साथै निकुञ्ज, आरक्ष तथा जिल्ला वन कार्यालयमा तुरुन्तै खबर गर्ने ।

# भालु
# Himalayan Black Bear



नेपाली नामः भालु, कालो भालु

अंग्रेजी नामः Himalayan black bear, Asiatic black bear

वैज्ञानिक नामः *Ursus thibetanus*

शारीरिक बनोटः बाक्लो कालो रौले ढाकिएको, छात्तिमा V आकारको सेतो भाग हुने ।

औसत तौलः १२५ देखि १४५ किलोग्राम

लम्बाईः २४ देखि २६ मिटर

उचाईः ८५ सेन्टिमिटर

आयुः ३० वर्ष

बच्चाः एकपटकमा १ देखि २ वटा

आहाराः मौसम अनुसारको विभिन्न जंगली फलफूल, धमिरा, कमिला आदि ।

बासस्थानः मूख्यतया १४०० देखि ४००० मिटरको उचाइसम्म ।

विचरण क्षेत्रः १० देखि १५ वर्ग कि.मि.

नेपालमा तीन प्रकारका भालु पाइन्छन् (काठे भालु, कालो भालु र खैरो भालु) खैरो भालु माथिल्लो हिमाली तथा हिमालपारिको क्षेत्रमा पाइन्छ । कालो नालु पहाडी र हिमाली क्षेत्रमा पाइन्छ भने तराई क्षेत्रमा पाइने भालु काठे भालु हो । सोलुखुम्बु जिल्लाको हकमा भने कालो भालु पाइन्छ । यो भालु सर्वभक्षी जीव हो तर कमिला तथा धमिरा यसको मुख्य आहारा हो। मौसम अनुसारको विभिन्न जंगली फलफूलहरू पनि खाने गर्दछ । रूख चढ्न सिपालु हुने हुँदा अग्लो अग्लो रूख चढी यसले मह वा चराचुरुङ्गीको फुलसमेत खाने गर्छ। गर्मी वा वर्षाको समयमा भालु गुफा वा दुलोमा बस्छ भने गर्दछ । सहवासको समय वा बच्चा साथमा यसले हिउँदको समयमा खुल्ला जंगलमा बस्ने भएको बेला सक्रिय हुन्छन् र दिनमा आराम गर्छन् । मानिसलाई भेट्यो भने कोर्पने, चिथोर्ने गर्छ । साना बच्चा बाहेक जुनसुकै उमेरको भालुले पनि मानिसलाई आक्रमण गर्नसक्छ । भाले र पोथी दुवैले उत्तिकै गर्न सक्ने सम्भावना भए पनि बच्चा भएको पोथी बढी आक्रमण हुन्छ ।

## भालुले आक्रमण गर्ने अवस्था

- जम्काभेट भएमा, जिस्क्याएमा ।
- माउसँग सानो बच्चा भएको अवस्था ।
- सहवासको समयमा, यस्तोबेला एउटा पोथीसँग चार-पाँचवटा भाले भेटिन गर्दछन् ।मान्छे एक्लै हिंडेको अवस्थामा ।
- खाना खाइरहेको अवस्थामा (खासगरी धमिरा खाने बेलामा भुई खनेर टाउको, जिउ प्वालमा हुने हुनाले यसलाई झ्वाटै देख्न मुस्किल हुन्छ भने यसले मान्छे नजिक आइसकेपछि मात्र थाहा पाउँछ र यस्तो बेलामा आत्तिएर आक्रमण गर्ने सम्भावना प्रबल हुन्छ ।
- मान्छे एक्लै हिंडेको अवस्थामा ।

## भालुले आक्रमण गर्ने तरिका

भालुले मानिसलाई देखेर आफू असुरक्षित महसुस गरेपछि पछाडिको दुई खुट्टाले जुरूक्क उभिएर चारैतिर हेर्छ, दुवै हात माथि उठाउँछ र थुक्छ । मुख लुकाएर फ्या फ्वा, ट्याक-ट्वाक गर्दै दाँत बजाएर आवाज निकाल्छ र मानिसलाई सोझै अनुहारमा पञ्जाले चिथोर्न र मुखले टोक्ने, कोपर्ने समेत गर्छ ।

## भालुको आक्रमणबाट बच्ने उपाय

- भालुसँग जम्काभेट भएमा आफूसँग छाता छ भने भालुतिर फर्काएर छाता उघ्रान पर्दछ । छाता छैन भने रूमाल वा लुगाले आफ्नो अनुहार छोप्नुपर्छ किनकि भालुले सामान्यतया अनुहारमा आक्रमण गर्ने गर्दछ ।
- भालुले आक्रमण गर्दा ओरालो ठाउँ छ भने ओरालोतिर दौडने । भालुको शारीरिक बनावटको कारण ओरालोतिर झर्दा उसलाई अप्ठ्यारो हुन्छ ।
- खसी, बाखा वा वन बोका जस्तो आवाज निकालेर कराउने । यस्तो आवाज सुनेर भालु भाग्छ भनी विश्वास छ ।
- भालु आक्रमण गर्न आयो भने कापे लौरो (Y आकारको) ले भालुको घाँटीमा च्यापेर धकेल्ने।
- भालुले आक्रमण गर्न आयो भने लठ्ठी भुईमा बजार्ने वा भालुले हात उठाएर आउँदा हात वा नाकमा हिर्काउने । यसको नाक अति संवेदनशील हुने भएकोले नाकमा हिर्काउदा भालु तुरून्तै भाग्छ ।
- मसिनो वा पातलो रूखमा भालुलाई चढ्न गाह्रो हुन्छ त्यसैले मसिनो वा पातलो रूखमा चढ्ने ।
- आगो बालेर तर्साउने ।
- आक्रमण गर्न आउने अवस्थामा भाग्यो भने झन् लखेट्छ । त्यसैले उसँग प्रतिकार गर्ने ।

# भाग ३
# वन्यजन्तु क्षति राहत
## वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग सम्बन्धी निर्देशिका २०८०

१६ प्रजाति (हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर, जंगली बँदेल, अर्ना, मगर गोही, गौरीगाई र बाँदर) का वन्यजन्तुबाट हुने क्षतिको राहत पाईने ।

तालिका १: वन्यजन्तुबाट भएको क्षतिको राहत वितरणका क्षेत्र

| क्र.सं. | वन्यजन्तु | मानवीय क्षति | | | पशुधन क्षति | बाली क्षति |
|---|---|---|---|---|---|---|
| | | सामान्य घाईते | गम्भीर घाईते | मृत्यु | | |
| १ | भालु | पाउने | पाउने | पाउने | पाउने | पाउने |
| २ | चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने |
| ३ | हिउँ चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने |
| ४ | ध्वाँसे चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने |
| ५ | बाँदर | पाउने | पाउने | पाउने | नपाउने | पाउने |

### राहत रकम प्राप्त गर्न पेश गर्नुपर्ने कागजात

**तालिका २: वन्यजन्तुबाट भएको क्षतिको राहत रकम प्राप्त गर्न पेश गर्नुपर्ने कागजात तथा प्रमाण**

| क्र.सं. | प्रमाण र प्रकृति | मानवीय क्षति | | | पशुधन क्षति | बाली क्षति |
|---|---|---|---|---|---|---|
| | | सामान्य घाईते | गम्भीर घाईते | मृत्यु | | |
| १ | घटनास्थलको फोटो | √ | √ | √ | √ | √ |
| २ | अपाङ्गता/मृत्युदर्ता प्रमाणपत्र | - | √ | √ | - | - |
| ३ | घटनास्थल सर्जमिन मुचुल्का | √ | √ | √ | √ | √ |
| ४ | स्वास्थ्य संस्थाको सिफारिस र औषधीको बिल | √ | √ | - | - | - |
| ५ | पोष्टमार्टम रिपोर्ट | - | - | √ | - | - |
| ६ | प्रहरी प्रतिवेदन | - | - | √ | - | - |
| ७ | नाता प्रमाणित कागजात | - | √ | √ | - | - |
| ८ | पशु सेवा/कृषि सेवा प्राविधिको मूल्याङ्कन | - | - | - | √ | √ |
| ९ | जग्गाधनी प्रमाणपुर्जा | - | - | - | - | √ |
| १० | पशुधन/बालीको बीमा गरेको भए बिमालेख नम्बर | - | - | - | √ | √ |

निवेदन दिनुपर्ने अवधि: घटना घटेको ३५ दिन भित्र सम्बन्धित डिभिजन वन कार्यालयमा ।

**तालिका ३: राहत रकम सीमा**

| क्र.सं. | घटना प्रकृति | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सामान्य घाईते | २०,००० | औषधी उपचार खर्च |
| २ | गम्भीर घाईते | २,००,००० | औषधी उपचार खर्च |
| ३ | अशक्त भएमा | ५,००,००० | जीविकोपार्जन खर्च |
| ४ | मृत्यु भएमा | १०,००,००० | |
| ५ | गाई भैसी, चौरी याक, घोडा, खच्चड प्रजाति प्रति गोटा | ६०,००० | मृत्यु भएमा |
| ६ | अन्य पशु (भेडा बाख्रा) | १०,००० | मृत्यु भएमा |
| ७ | बाली क्षति | १०,००० | |

## सन्दर्भ सामग्रीहरू

राष्ट्रिय प्रकृति संरक्षण कोष २०७४. वन्यजन्तुबाट हुनेसक्ने खतरा र जोगिने उपायहरू (परिमार्जित संस्करण), राष्ट्रिय प्रकृति संरक्षण कोष, जैविक विविधता संरक्षण केन्द्र, रत्ननगर-६, सौराहा, चितवन ।

**लेखन तथा संकलन**

मना राज राई, वन अधिकृत

हिरामाया अधिकारी, नायब सुब्बा

विशेष धन्यवाद

श्री बद्री प्रसाद साह, कार्यालय प्रमुख

प्रकाशक

**डिभिजन वन कार्यालय, सोलुखुम्बु**


# RED PANDA

The only species remaining in their taxonomic family, a living relict of the past. Saving them is important to the preservation of the world's natural heritage and global biodiversity.

## CHARACTERISTICS




## What They EAT?




## GEOGRAPHY

Places: Eastern Himalayas
Habitat: Temperate Forest

## SLEEP HABIT

They spend about 45% of the day awake

## LIFESPAN

Red pandas may live as long as 23 years

## POPULATION

Less than 10,000 individuals

**Decline by 50%**

Status: ENDANGERED

**DID YOU KNOW?**
Approximately 10,000 pandas die per year, and approximately 7,000 of the 10,000 die from deforestation.

## THREATS

Habitat Loss

Poaching

Climate Change

## How You Can HELP?

Raise Awareness

Become a panda guardian

Sources: